स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सम्झौता गरेको फिल्म छाइनु अभिनेता अनमोल केसीका लागि बायाँ हातको खेल हो । यो मामलामा उनी सबैभन्दा अनुभवी छन् । हतारमा फिल्म सम्झौता गर्ने अनमोलको बानी हो । अक्ष भनौं वानलाइन स्टोरी सुनेकै भरमा उनी काम गर्न राजी हुन्छन् । साइनिङ एमाउन्ट पनि बुझिहाल्छन् । जब फाइनल स्क्रिप्ट हातमा पर्छ तब उनलाई चित बुझ्दैन अनि अलग भैहाल्छन् । कुनै फिल्म उनले मेकरले हतारमा छायांकनको दबाब दिँदा पनि छाडेका छन् ।

**आजको विचार...**



नेपालको... (दुई पेजमा)

दयालबहादुर शाही



गायनमा अहिलेका 'सुपरस्टार' हुन्, प्रकाश सपूत । उनका हरेक गीतले लोकप्रियताको शिखर चुमेका छन् । उनका गीतमा समाज र देशको चित्र भेटिन्छ । तर, धेरै कमलाई थाहा हुन सक्छ कि उनको बाल्यकालदेखिको रुचि अभिनय हो । बलिउडका शाहरुख खान जस्तै हिरो बन्ने सपना बोकेर उनी चार भञ्ज्याङ आएका थिए । र, अब उनको त्यो सपना फिल्म 'परदेशी २'बाट पूरा हुँदैन । दर्शकों छेको पारेर यही असोज २६ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मको कथा प्रकाशमै केन्द्रित छ । जसले गर्दा दबाब पनि अन्य कलाकारभन्दा उनमा बढी छ ।

❐ वर्ष २९ ❐ अंक ७० ❐ २०८० असोज ८ गते सोमबार 25 September 2023, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### पेट्रोल भण्डारमा आगो लाग्दा पैतीसको मृत्यु

(रासस/सिन्हवा)

**कोटोनु,** असोज ७/गैरकानुनी ढंगले बेनिनको दक्षिणपूर्वी ओउमे क्षेत्रमा सञ्चालन गरिएको पेट्रोल भण्डार गृहमा आगो लाग्दा एक जना शिशुसहित कम्तीमा ३५ जनाको मृत्यु भएको छ भने १० जनाभन्दा बढी गम्भीर घाइते भएका छन् ।

बेननिको आन्तरकि तथा सार्वजनकि सुरक्षा मन्त्रालयका अन्सार शनिबार भएको उक्त आगलागीमा ३५ जनाको अमूल्य जीवन समाप्त भएको छभने १२ जना गम्भीर घाइते भएका छन् । पेट्रोल भण्डार गरिएको स्थान वरपरका घरसमेत जल्दा भौतिक क्षति पनि धेरै भएको छ । इन्धन सञ्चय गरिएको स्थानमा आगो लाग्दा ठूलो विष्फोटको आवाज सुनिएको थियो । दुर्घटनाबारे जानकारी पाउनेबित्तिकै वारुणयन्त्र, प्रहरी र स्वास्थ्यकर्मीको टोली परिचालन गरिएको थियो । बेनिनमा तस्करी गरिएको पेट्रोल देशको पूर्वी छिमेक नाइजेरियाबाट आउने गरेको छ । नाइजेरिया अफ्रिकाको प्रमुख तेल उत्पादक देश हो जहाँ इन्धन धेरै सस्तो छ । मुनाफा कमाउने उद्देश्यले धेरैले गैरकानुनीरुपमा इन्धन भण्डारण गर्दा बेलाबेलामा बेनिन र नाइजेरियामा पनि यस्ता अकल्पनीय दुर्घटना हुने गरेका छन् । यसैबीच, बेनिनको कानुन मन्त्रालयले दुर्घटनाको छानबिन थालेको बताएको छ ।

### तानसेनमा 'श्रीनगर हब कन्भेन्सन अन एस क्यू सी'


# विद्यार्थीमा व्यावहारिक क्षमताको खोजी

रामचन्द्र रायमाझी

**पाल्पा,** असोज ७/अहिलेको शिक्षण पद्धति 'सैद्धान्तिक मात्र भयो, व्यवहारिक भएन' भन्ने टिका टिप्पणी जतातते सुन्ने गरिन्छ तर, प्राक्टिकल (व्यवहारिक) अभ्यासको प्रयास भने कमै शिक्षणसंस्थाले अपनाएको देखिन्छ ।

विद्यार्थीमा त्यही व्यवहारिक क्षमताको अभ्यास गर्ने प्रयासमा कोएस्ट नेपाल रहेको छ । आइतबार नीजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्ने र उनीहरुमा भएको क्षमताको खोजी गर्ने उद्देश्यले कोएस्ट नेपालको आयोजना, श्रीनगर हब र पाल्पा प्यारागन ईङ्गलिस बोर्डिङ्ग स्कुलको आतिथ्यतामा तानसेनमा 'प्रथम श्रीनगर हब कन्भेन्सन अन एस क्यू सी' आयोजना गरिएको छ । सम्मेलनमा नीजी विद्यालयका विद्यार्थीहरुमा रहेको कला, सिप र क्षमताको प्रदर्शन गरिएको थियो । जहाँ विद्यार्थीहरुले विद्यालयमा गरेका शैक्षिक गतिविधिहरुको अनुसन्धानात्मक केस स्टडी, हाजिरी जवाफ, कथा लेखन, पेण्टिङ ड्रोइङका विभिन्न विधामा एक आपसमा प्रतिस्पर्धा गर्नुको साथै सामूहिक छलफल समेत गरेका थिए । सोही अवसरमा उनीहरुलाई फोटो खिच्न र ध्यान गर्न समेत सिकाइएको थियो । पाल्पा प्यारागन ईङ्गलिस बोर्डिङ्ग स्कुलमा भएको सम्मेलनमा विद्यार्थीहरुले आ-आफुसँग भएका कला र क्षमता देखाएका थिए । विद्यार्थीले व्यक्तिगत जीवनमा हुने व्यावहारिक कामबारेमा तर्कवितर्क समेत गरेका थिए । सम्मेलनले विद्यार्थीलाई पाठ रटाउने तर पाठ्यक्रमले खोजेको क्रियाकलापमा संलग्न नगराउने शैक्षिक परिपाटीको अन्त्यको लागि महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ । कन्भेन्समा कक्षा १ देखि १० सम्मका १ सय ३४ विद्यार्थी सहभागिता रहेको कार्यक्रम संयोजक शोभा भट्टराईले जानकारी दिइन् । सम्मेलनले विद्यार्थीहरुलाई व्यावहारिक ज्ञान सिक्न र उनीहरुमा भएको क्षमताको मूल्यांकन गर्न महत्वपूर्ण भूमिका खेल्ने लुम्बिनी प्रदेश सांसद खेम सारुले बताए । सम्मेलनको उद्घाटन गर्दै उनले विद्यार्थीहरुलाई किताबी ज्ञानमा मात्र सिमित नराखी व्यवहारिक ज्ञान र सिप अहिलेको आवश्यकता रहेको औल्याए । सांसद सारुले विद्यार्थीको गुणस्तरीय क्षमता अभिवृद्धि र अब्बल विद्यार्थी उत्पादनमा यस्ता सम्मेलनले टेवा पुग्नेमा विश्वास व्यक्त गरे । कार्यक्रममा विशिष्ट अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्करराज रेग्मी, पाल्पा प्याब्सनका अध्यक्ष महेशमान बज्राचार्य, तानसेन ३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, पाल्पा व्यापार संघका अध्यक्ष एवं पाल्पा प्यारागनका सञ्चालक बामदेव बस्याल लगायतले विद्यार्थीको व्यवहारिक क्षमताको खोजी गर्न सम्मेलनले महत्वपूर्ण भूमिका खेल्नेमा जोड दिए ।





सम्मेलनले विद्यार्थीलाई गुड र स्मार्ट क्वालिटीको बनाउनेमा एनसी एसक्यूसी नेपालका केन्द्रीय सदस्य गंगाबहादुर खत्रीले विश्वास व्यक्त गरे । उनले भने 'हाम्रो शिक्षा प्रणालीमा प्राप्तांकले विद्यार्थीमा योग्यतताक्रम हासिल भए पनि विशेष सीप नहुने हुँदा समस्या भएको छ ,यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने छ । ' 'पढेर धेरै नम्बर ल्याउनुपर्छ भन्ने मात्रै सोंच छ । अहिलेका समालोचनात्मक चिन्तन, आत्मबोध, आत्ममूल्याङ्कन जस्ता सीप नै छैन । यस्ता सीप विद्यार्थीहरुका लागि आवश्यक छ ' खत्रीले भने । विद्यार्थी गुणीयचक्र एउटा प्रक्रिया भएको र उनीहरुमा अन्तर्निहित रहेका प्रतिभाको प्रस्फुटन गर्न यो कार्यक्रमले उपयोगी भूमिका निर्वाह गर्ने पाल्पा हवको पूर्व संयोजक अशेष भट्टराईले बताए । आधुनिक शिक्षासँगै वैज्ञानिक तरिकाले संस्कारयुक्त ज्ञान प्राप्त गर्न कार्यक्रम प्रभावकारी बनेको उनले विश्वास व्यक्त गरे । श्रीनगर हवकी कार्यक्रम संयोजक शोभा भट्टराईको अध्यक्षता, सचिव कृष्ण खत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# नेवा : गुठी तानसेनको अध्यक्षमा पुन: गोङ्गल



**पाल्पा,** असोज ७/तानसेनका नेवार समुदायहरुको संगठित संस्था नेवा: गुठी तानसेनको अध्यक्षमा पुन: प्रकाश नाथ गोङ्गल चयन भएका छन् ।

गुठीलाई नेवार समुदायको एकता, स्वतन्त्रता र सामनताको आधारमा सामुहिक र समन्वयात्मक रुपमा महत्वपूर्ण भूमिका खेलेकै कारण तानसेनमा भएको गुठीको प्रथम साधारण सभा एवं अधिवेशनले गोङ्गललाई अध्यक्षमा पुन: चयन गरेको हो । जसको उपाध्यक्षमा हरिलाल अमात्य, सचिव नविन्द्रप्रसाद श्रेष्ठ, कोषाध्यक्ष सुरेन्द्रमान कर्मचार्य, सह-सचिवमा सुनिता श्रेष्ठ चयन भएका छन् । गुठीको सदस्यहरुमा उज्वल श्रेष्ठ, इच्छा लिगल, ज्योति राजभण्डारी, रोजिता श्रेष्ठ, श्याम मलेगो, भुवन कुमार जोसी रहेका छन् । गुठीले नेवार समुदायको कला, संस्कृति र भाषको सरक्षणमा महत्वपूर्ण गतिविधि गर्दै आएको छ ।

### नेवा : गुठी तानसेनको साधारण सभा तथा अधिवेशन

# सामाजिक सद्भाव अहिलेको आवश्यकता : सांसद राना

**पाल्पा,** असोज ७/लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले सामाजिक सद्भाव अहिलेको आवश्यकता रहेको बताएका छन् । नेवा: गुठी तानसेनको प्रथम साधारण सभा एवं अधिवेशनलाई तानसेनमा सम्बोधन गर्दै सामाजिक सद्भाव निर्माण अहिलेको आवश्यकता रहेको बताएका हुन् ।



सांसद रानाले पछिल्लो समय नेपाली समाजमा सामाजिक सद्भाव खल्बलिदै गएको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै सामाजिक सद्भाव अहिले अपरिहार्य भएको धारण व्यक्त गरेका छन् । उनले भने 'सामाजिक सद्भाव नेपालीको ठूलो सम्पत्ति हो । एकले अर्कालाई सम्मान र आदर गर्नु हाम्रो संस्कृति हो तर हिजो आज यस्तो हराउँदै गएको छ । यसतर्फ तपाई हामी सचेत हुन आवश्यक छ ।' अहिले भाषा कला र संस्कृति समेत लोप हुन लागेकाले त्यसको संरक्षण र प्रवर्द्धनमा गुठीले खेलेको भूमिका महत्वपूर्ण रहेको सांसद रानाले बताए । 'भाषा कला र संस्कृतिको सरक्षणमा सबैले हातमा हात मिलाएर अगाडि बढ्नुपर्छ' उनले भने । सांसद रानाले पाल्पाको विकासमा आफु सधैं चिन्तित रहेको बताए । उनले यहाँको पयर्टन क्षेत्रको विकास गरी नागरिकलाई उत्पादन र रोजगारीसँग जोड्नु आवश्यक रहेको औल्याउँदै प्रदेश सरकारले त्यसतर्फ आवश्यक योजना अगाडि बढाएको समेत बताए । कार्यक्रममा विशिष्ट अतिथि नेवा: समुदायका जेष्ठ नागरिक भरतमान कर्माचार्य, नेवा: देय दवू लुम्बिनी प्रदेशका अध्यक्ष बिजुला जोशी, तानसेन गुठीकी सकुन्तला बज्राचार्य, श्री ७ रणउजिरेश्वरी भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोककुमार महर्जन, सिद्धार्थ नगर नेवा: गुठीका पूर्वअध्यक्ष सुवर्ण मुनी शाक्य, निर्वाचन आधिकार अजयमान कर्मचार्य, गुठीका सल्लाहकार प्रेमबहादुर मल्ल, निर्मलप्रसाद श्रेष्ठ लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

सोही अवसरमा गुठीका आजिवन सदस्यहरुलाई आजिवन गुठी सदस्यताको प्रमाण पत्र वितरण गरिएको थियो । सभाले आर्थिक वर्ष २०७९/०८० को आय व्याय समेत सर्वसमत रुपमा पारित गरेको छ । गुठीका अध्यक्ष प्रकाश नाथ गोङ्गलको अध्यक्षता, सदस्य सुनिता श्रेष्ठको स्वागत, सचिव नविन्द्र श्रेष्ठको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नजिकिँदो चाडपर्व र बढ्दो महँगी

नेपालीहरूका घर आँगनमा महान चाडपर्वहरू आउँनै लागेका छन् । महिलाको महान् पर्व तिज, पञ्चमी, विश्वकर्मा पूजा जस्ता पर्व मनाई सकिएको छ भने दसैं, तिहार र छठ पर्व नजिकिँदो छ । विदेशिएका परिवारका सदस्य पनि चाडपर्व मान्नैका लागि जहाँ भएपनि घर फर्कने गर्छन् । पारिवारिक भेटघाट जमघटका लागि यो सुनौलो अवसर पनि हो । यसैगरी मानिसहरू खाइनखाइ बनिबुतो गरेरै भएपनि पर्वका लागि जोहो गरेर राख्छन् । चाडपर्वमा जीवनमा जति दुःखकष्ट भोगे पनि त्यसलाई बिर्सेर सुखको अनुभूति गर्ने प्रयास गरिन्छ, तर पर्वहरु नजिकिन थालेसँगै बजारमा महँगीले उपभोक्तालाई थप सकस बनाएको छ । नयाँ लुगा लगाउने, मीठो खाने चाडका रूपमा समेत परिचित दसैं, तिहार व्यापार व्यवसाय गर्नेहरूका लागि सबैभन्दा ठूलो सिजन हो । त्यस कारण पनि व्यापारीहरुले मनलाग्दी खाद्यान्नको मूल्य बढाउने गर्दछन् । व्यापारीले मनपरी मूल्य वृद्धि गर्दासम्म सरकारले यसतर्फ ध्यान दिएको छैन । दसैं–तिहार नजिकिँदै गर्दा अत्यावश्यक खाद्यवस्तुको मूल्य दिनहुँजसो उकालो लागिरहेको छ ।

अहिले चिनीको मूल्य अध्याधिक बढाइसकिएको छ । प्रतिकिलो १ सय रुपैयाँ हाराहारीमा बिक्री भइरहेको चिनी अहिले नै १ सय ३० रुपैयाँसम्म पुगेको छ । चिनी सबैभन्दा बढी खपत तिहारमा हुने गर्छ । चिनीपछि अहिले हरियो तरकारीको मूल्य बढाइएको छ । तरकारीमा सबैभन्दा सस्तो मानिने बन्दा र मुलाको मूल्य पनि छोइनसक्नु छ । अहिले बन्दाको थोक मूल्य नै ६५/७० रुपैयाँ पुगेको छ । गत वर्ष यतिबेला बन्दा प्रतिकिलो १२/१५ रुपैयाँमा पाइन्थ्यो । यस्तै गत वर्ष ४० रुपैयाँ भएको लोकल मुला बजारमा १ सय ५० देखि २ सयसम्ममा बेचिएको छ । यी दुई मात्र होइन, अन्य सबै तरकारीको मूल्य पनि अकासिएको छ । गोलभेंडा, आलु, प्याज, काउली, फर्सी, घिरौंला, काँक्रो लगायत सबैको मूल्य बढाइएको छ । मौसम सुरु नभएको बहानामा हरियो सागको मूल्य पनि उच्च छ । खासमा अहिले तरकारीको मूल्य बढ्नुपर्ने कारण केही देखिँदैन । चाडपर्व सुरु भइनसकेको अवस्थामा यसको माग पनि बढिसकेको छैन । तैपनि विभिन्न बहाना पारेर महँगो बनाउने खेल रोकिएको छैन । यसरी मूल्य बढाइनुले मुलुकमा सरकार छैन भन्ने सन्देश गएको छ । विगतमा पनि उद्योगी–व्यापारीहरूले चाडपर्वका बेला खाद्यन्नको मूल्य बढाउँदै आएका थिए । त्यसलाई अहिले पनि निरन्तरता दिएका छन् । यसलाई नियन्त्रण गर्ने विषयमा सरकार बेखबर जस्तै भएको छ । सरकारले चाहे यस्तो मौसमी महँगी नियन्त्रण गर्न सजिलो छ तर विडम्बना, बजार अनुगमन गर्ने सरकारी संयन्त्र नै व्यापारीसँग मिलेको छ । जसले गर्दा आमनागरिक महँगीको मार खेप्न बाध्य भएका छन् । यस विषयमा सरकारले गम्भीर भएर सोच्न जरुरी छ ।

### Opinion @ Social Network

सधैंभरी सुखमा हाँसेर नि नहुने, जीवनभरी दुःखमा रोएर नि नहुने
यही त होला आखिर जिन्दगानी, मृत्युलाई कहिले सोंचेर पनि नहुने ।
*(विकास आले मगरको फेसबुक स्टाटस https://www.facebook.com/Bikash.alemagar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको संविधान र ओली–मोदी टक्कर



## दयालबहादुर शाही

नेपालको संविधान २०७२ को घोषणापछिको यो पहिलो दशक भनेकै मूलत: एमाले अध्यक्ष केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बीचको टक्करको दशक हो । १९०३ सालको रक्तपातपूर्ण कोतपर्वदेखि २०७८ सालको रक्तहीन परमादेशी पर्वसम्म बेलायतदेखि प्रतिलिपि बेलायतको रूपमा रहेको भारतको निर्देशकीय भूमिका रहेको छ । किनकि भारत सुरुदेखि नै नेपालको संविधान घोषणा गर्न दिएर नेपाल र नेपालीलाई चैनको सास फेर्न दिने पक्षमा थिएन । नेपाली जनताको जागरण, चेतना र सुदृढ एकतारूपी हात्ती भने दिल्लीको हस्तक्षेप र हैकमरूपी माकुरे जालोमा अल्झिने र बल्झिनेवाला थिएन । ओली-मोदी टक्कर यी दुईखाले आकांक्षा र चेतनाको केन्द्रीय अभिव्यक्ति थियो र हो ।

यो द्वन्द्वको मोटो कारण नेपालको उत्थान र लोकतान्त्रिक व्यवस्थाको खुला र कञ्चन आकाशमाथि कालो बादल भएर मडारिन रुचाउने भारतेली शासक वर्गको निरन्तरको हेपाहा नीति र अर्घेल्याइँ हो । जबकि भारतेली शासक गुटको यस प्रकारको रवैयालाई स्वयं भारतीय जनताले नै रुचाउँदैनन् । चिललाई देखाएर गाउँभरिका कुखुरा सिध्याउने लोककथाको चतुर स्यालले झैं दिल्लीले दरबारसँग साँठगाँठ गरेर नेपाली जनताको चेतनामा बिर्को लगाउँदै आयो, नेपाली जनताको एकतामा छिना चलाउँदै आयो । ओलीप्रेरित एमालेले नेपाली जनताप्रतिको निष्ठा, त्याग, समर्पण र तपको बलमा स्थिति उल्ट्याउन थाल्यो । भारतीय हैकमवादको लगामबाट नेपाल सदाको लागि मुक्त हुने आधार खडा भयो । नयाँ संविधान घोषणाको खुशियालीमा नेपाल रमेको बेला कुनै पर्दा, मर्यादा नराखेर नाकाबन्दीको तहमा भारत उत्रियो । किनकि सदियौंदेखि नेपालमा चलेको उसको रजगजका जरा उप्काउने गरी नेपाली जनताको चेतना उछालिएको थियो । एकातिर एमालेको सबल, सुदृढ, स्वाभिमानी र देशभक्तिपूर्ण अगुवाइ र अर्कोतिर जनताको जागरण भारतेली शासक वर्गको मुटुमा रोपिएका दोहोरा सुइरा थिए । यसले गर्दा भारतेली शासकहरू यति तिल्मिलाए कि एमालेको गति र लय रोक्न देशभित्र र एमालेभित्र बञ्चरे बिंडहरूको खोजी गरी एमालेविरुद्ध उपयोग गर्न उनीहरू बाध्य भए ।

विश्व व्यवस्थाका महापण्डितहरू नेपालप्रति यति निर्मम हुनुको पछाडी सबल र समृद्ध नेपालप्रतिको उनीहरूको अरुचि हो । यस अरुचिसँग एमालेले बोकेका विचार, विरासत, योजना, सपना, संकल्प र विराट सम्भावनाहरू जोडिएका छन् । दरबार वा दिल्लीको अनुकम्पाले होइन, नेपाली जनताको बल र बर्कतले देश बनाउन सकिन्छ भन्ने एमालेको आँटप्रतिको भारतीय अरुचिका कारण संविधान घोषणापछिका यी ८ वर्ष जति उपलब्धिपूर्ण हुनुपर्ने हो, हुन सकेनन् । एमालेले छेडेको देशभक्तिपूर्ण आन्दोलन विरुद्धका केही स्वदेशी बञ्चरे बिंडहरूको उपलब्धताले गर्दा नेपालको उन्नति, प्रगति र समृद्धि प्राप्तिको महायज्ञ बिथोलिएको छ । यस टक्करबाट क्षति मात्र छैन, उपलब्धिहरू पनि उत्तिकै छन् । नेपालको संविधान २०७२ को घोषणापछिको महत्वपूर्ण उपलब्धि ओली नेतृत्वको ३८ महिनासम्म कायम रहेको सरकारले छेडेको समृद्धि अभियान हो । यस अवधिमा नेपाललाई सरीसृप होइन, हिमालय जस्तै जब्बर जगमा उभिएको स्वाभिमानी देश हो भनेर विश्वसामु चिनाउन सकिएको छ । गरे हुन्छ र नेपाल बनाउन सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह भएको छ । हस्तक्षेप र हैकमको नैतिक पराजय भएको छ र नेपालीको देशभक्त शिर सगरमाथा भएर उठेको छ । नेपालको संविधान २०७२ को घोषणा यताका यी ८ वर्षमा विश्व व्यवस्थाका महापण्डित र स्वदेशी लेन्डुप दोर्जेहरू बीच नेपाल विरुद्ध उभिने चोचोमोचो मिलेको छ । उनीहरूको इरादामा तगारो बनेकाले उनीहरूले यो धर्तीमा शेष राख्न नचाहेको शक्ति नेकपा एमाले हो । यति भएर पनि नेपाली जनताको साथ, समर्थन र जागरणका कारण एमालेको दियोमा तेल सकिएको छैन । एमाले कसरी बच्न सक्यो र कसरी भूराजनीतिक खेलका खेलाडीहरूका लागि टाउको दुखाइको विषय बनेको छ भन्ने सत्य बुझ्न नेपाली जातिको गौरवमय इतिहास र नेकपा (एमाले)को दार्शनिक, राजनीतिक, सामाजिक र व्यावहारिक जीवनको गहिराइसम्म पुग्नुपर्ने हुन्छ । एउटा धनाढ्यको मापन ऊसँग भएको सम्पत्तिको आधारमा हुन्छ । एउटा बलवान वा पहलमानको मापन ऊसँग भएको बलको आधारमा हुन्छ । तर एक चिन्तक र राजनेताको मापन उसको व्यक्तित्व र कीर्तित्वमा रहेका अनेकन् पाटाहरूको आधारमा हुने गर्छ । मूलत: न्याय-निसाफ, आँट-औकात, विरासत र हैसियतको आधारमा चिन्तक र राजनेताको देन र चिन्तनको मापन हुने गर्छ ।

विश्वव्यापी रूपमा, दक्षिणएशियामा, अझ नेपालको सन्दर्भमा मार्क्स, महात्मा गान्धी र मदन भण्डारीले विकास गरेको चिन्तन र दिएका देनको खास अर्थ र औचित्य छ । नेपालको सन्दर्भमा मदन भण्डारीले उघारेको विचार, दर्शन, चिन्तन प्रणाली र व्यावहारिक राजनीतिको नयाँ क्षितिज न भुतो न भविष्यति प्रकृतिको छ । मदनले मार्क्सवाद र गान्धीवादको दही मथनीबाट प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद यस भूखण्डमा श्रेष्ठ सावित भएको विचार दर्शन हो । जर्ज विल्हेम फ्रेडरिक हेगलद्वारा प्रतिपादित अधकल्चो अवस्थाको द्वन्द्ववाद र फायरबाखबाट प्रतिपादित प्रारम्भिक अवस्थाको भौतिकवादलाई एक सूत्रमा उनेर द्वन्द्वात्मक भौतिकवादको प्रतिपादन कार्ल मार्क्सले गरे । यस दार्शनिक र वैज्ञानिक चस्माले वस्तु, घटना, जीवन र जगतलाई हेर्न थालेसँगै मानव जातिले आफ्नो विकासक्रमको इतिहासमा एउटा ठूलो फट्को मारेको छ । भद्र अवज्ञा आन्दोलनको माध्यमबाट बेलायती साम्राज्यलाई विभाजित हुन राजी गराई भारत र पाकिस्तान जस्ता दुई देशको जन्म दिन सक्नु महात्मा गान्धीको विशिष्ट देन हो । पाश्चात्य दर्शन, साहित्य, इतिहासको विशद अध्ययन र अनुसन्धान गरेका कार्ल मार्क्स र पूर्वीय दर्शन र चिन्तन प्रणालीबाट प्रेरित, प्रभावित र अनुगृहीत महात्मा गान्धीको चिन्तन, आदर्श र निष्कर्षहरू महत्वपूर्ण थिए तर हाम्रो सन्दर्भमा सम्पूर्ण थिएनन् । महामानवद्वयले छोडेर गएको विचार शृंखलाको विरासतमा टेकेर जननेता मदन भण्डारीले एक यस्तो चिन्तन प्रणाली र व्यावहारिक राजनीतिको जग बसाल्नुभयो, ताकि पूर्ववर्ती विचारहरूको सृजनात्मक विकास गर्न र तिनमा रहेका असान्दर्भिक र अव्यावहारिक पक्ष छोड्न सकियोस् । वेदहरूको चिरफार र पुनर्व्याख्या गरेकाले पूर्वीय दर्शन परम्परामा व्यास ऋषिलाई वेदव्यास भन्ने गरिन्छ । मदन भण्डारीको महत्व मार्क्स र महात्मा गान्धीको दर्शनमा टेकेर क्रान्तिकारी सारको शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाको बाटो पहिल्याउनुनेर छ । सबै कुरामा पारंगत भएर पनि पूर्वीय दर्शन, आदर्श र मर्यादाको पिंधसम्म नपुगेका मार्क्स र द्वन्द्वात्मक भौतिकवादी दर्शनप्रति उदासीन महात्मा गान्धीका सबल पक्षको रक्षा र ऋणात्मक पाटोप्रति निर्मम बनेकाले दक्षिणएशियामा भण्डारी जतिको चिन्तक महात्मा गान्धीपछि कोही जन्मिएन भन्दा अत्युक्ति नहोला । एमाले विरुद्धको निरन्तरको घेराबन्दीका अनेकौं कारणमध्ये मदनको जाज्वल्यमान चिन्तक छवि पनि एक हो ।

मार्क्सवादको सार वर्गसंघर्ष, उत्पादक शक्तिको पक्षपोषण र जनताको जनवाद हो भने गान्धीवादको सार लोकतन्त्री व्यवस्था, संसदीय राजनीति र शान्तिपूर्ण संघर्ष हो । मार्क्सवाद र गान्धीवादमा टेकेर जनताको बहुदलीय जनवाद प्रतिवादन गर्ने क्रममा मदन भण्डारीले कम्युनिष्ट पार्टी र लोकतन्त्र बीचको भेदरेखा हटाइदिएपछि विश्वभरका कम्युनिष्ट र लोकतन्त्रीवादीलाई एक थलोमा रहेर प्रतिस्पर्धाको राजनीति गर्ने वातावरण निर्माण भयो । यसैले जनताको बहुदलीय जनवाद भण्डारीले मानव जातिको पोल्टामा थमाएको महानतम् उपलब्धि हो । आजको विश्वमा एमाले बाहेक अन्य सबै साना-ठूला कम्युनिष्ट पार्टीहरू अधिनायकवादी छन् । जनताको बहुदलीय जनवादबाट प्रेरित, प्रभावित र अनुगृहीत एमाले बाहेकका साना-ठूला कम्युनिष्ट पार्टीहरू या त तानाशाह उत्पादन गर्ने कारखाना हुन् या कम्युनिष्टको खोल ओढेर पूँजीवाद र तिनीहरूको सेवा गर्ने पलायनवादी हुन् । विश्वका राजनीतिक दलहरू लोकतन्त्रवादी पार्टीहरू र कम्युनिष्ट पार्टीहरूमा विभाजित छन् तर जबजमा अन्तरनिहित क्रान्तिकारी र लोकतान्त्रिक निखार, आचरण र जीवनशैलीका कारण एमालेप्रति कम्युनिष्ट पार्टी र लोकतान्त्रिक पार्टी कसैले पनि शंका गर्न र औंला उठाउन सक्तैनन् । दर्शन बोकेको, विचारमा अडिएको, आदर्शले ओतप्रोत, अक्कल नभएर व्यावहारिक, जड नभएर गतिशील रहेकाले आज एमाले देशलाई जोगाउन र आफू जोगिन र देशी-विदेशी जोरी-पारीहरूलाई न्याउरी मारी पछुतोको स्थितिमा पुऱ्याउन काबिल छ । भोलोदिमिर जेलेन्स्की नेतृत्वको युक्रेन सिध्याउन पुटिन नेतृत्वको रूसले युद्ध छेडेको संसारले देख्यो तर नेपालमा राष्ट्रियताको लागि केपी शर्मा ओलीको संघर्ष कमैले देखे । इतिहासको नजरमा सत्य सधैं ओझेलमा पर्ने छैन । जेलेन्स्कीले कुर्सी त बचाए तर युक्रेनलाई खण्डहर र खरानी पारे । ओलीको कुर्सी जोगिएन होला तर नेपाल निष्कण्टक रहेको छ । हस्तक्षेप र हैकमवादको रुचि बेग्लै भए पनि मातृभूमिमाथि मडारिएको कालो बादल हटेको छ । दरबार वा दिल्लीको अनुकम्पा विना राजनीतिमा टिक्न सकिन्न भन्ने जब्बर अन्धविश्वासको जरो हल्लिएको छ । यो ओली नेतृत्वको नेपालले हासिल गरेको महत्वपूर्ण उपलब्धि हो ।

थुप्रै अनुकूलताको पोषण पाएका मोदीसँग प्रतिकूलतै प्रतिकूलताको सामना गर्नु परेका ओलीको टक्कर सानदार रह्यो । मोदीसँग विश्व व्यवस्थाका खेलाडीहरूको पारंगत धुरी थियो । भारत जस्तो लामो लोकतान्त्रिक अभ्यास भएको सबल मुलुक थियो । राजनाथ सिंह, नितिन गड्करी, अमित शाह जस्ता शालीन र भरपर्दा सखाहरूको दह्रो साथ थियो, तीन चार दशक लगातार शासनमा रहेको कंग्रेस आई सिर्जित त्रासका कारण भित्रैदेखि परिपक्व र एकताबद्ध भाजपा जस्तो सत्तारुढ दल थियो । तर ओलीसँग देशी-विदेशी षडयन्त्रको कुचक्रमा परेर विघटनको मुखमा पुगेको संक्रमणकालीन नेपाल थियो । यति भएर पनि २०७४ देखि २०७८ सालसम्मको करिब चारवर्षे शासनकालमा ओलीले मोदीसँग लिएको टक्करको बहुआयामिक महत्व छ । किनकि बेलायत र बेलायतबाट मुक्त भएर बनेको भारतका कारण सृजित नेपालको राजनीतिक अस्थिरता र यसले थोपर्दै आएको बर्बादीबारे आम जनतालाई सत्य बुझाउनै पर्ने थियो । नेपालीले नेपाल बनाउन सक्छन् र उठाउन सक्छन् भन्ने देखाउनु थियो । दरबार ब्युँताउने र दिल्लीको उपासना गर्ने दोहोरा गल्ती गरिनुहुन्न, नेपालमा सार्वभौम सत्ता सम्पन्न जनताको राज चल्छ र हैकमवादको यहाँ केही चल्दैन भन्ने देखाउनु थियो । जनताको एकता जागरणका अगाडि सीमापारिका शक्ति र महाशक्तिहरू हात्तीको मुखमा जीरा मात्र हुन् । संसार खनिएर पनि एमालेलाई सिध्याउन नसकेको यो दृष्टान्त जनताको सदावहार र सर्वव्यापी शक्ति, प्रभाव र राजको प्रमाण हो ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेय्कुाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा दुविधा उत्पन्न हुनेछ । मानसिक चिन्ता बढ्नेछ । | **तुला** : धन आर्जन नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । आफन्तको सहयोग प्राप्त हुनेछ । |
| **वृष** :आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । प्रेममा मधुरता छाउनेछ । | **वृश्चिक** : लगनशीलताले अवसर दिलाउनेछ । पारिवारिक सुख मिल्नेछ । |
| **मिथुन** : चिताएको कामले तीव्रता लिनेछ। वित्तिय संस्थाबाट सहयोग पाईनेछ । | **धनु** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ । |
| **कर्कट** : आज धर्म तथा समाज सेवामा मन लाग्नेछ ।चिताएको कामले तीव्रता लिनेछ । | **मकर** : स्थान परिवर्तनको विशेष योग देखिन्छन् । रोकिएको धन हात पर्ला । |
| **सिंह** : कार्यमा अवरोध आउला । यात्रामा मालसामान हराउन सक्छ । | **कुम्भ** : संगीतमा रुचि बढ्नेछ । मनमा उत्साहका साथै बोली विक्ने समयछ । |
| **कन्या** :साथी भाईको भेटघाटले मन प्रफुल्ल रहला । सोचेका काम पूरा हुने छन् । | **मीन** : धर्म, कर्ममा मन लाग्नेछ । शुभ समाचार सुन्न पाइएला । |

# विज्ञान र गणितका शिक्षक अभाव



मालारानी गाउँपालिकाको वीरेन्द्र माध्यमिक विद्यालयमा चार महिनादेखि गणित विषयको शिक्षक नहुँदा पठनपाठन प्रभावित बनेको छ । गणित शिक्षकका लागि तीन पटकसम्म विज्ञापन खुलाए पनि एउटा पनि दरखास्त नपरेको विद्यालयका प्रधानाध्यापक कमल पछाइले बताए । राम्रो विषय लिएर पढेका युवा जनशक्ति रोजगारी तथा अध्ययनका लागि विदेशमा जाने चलनले गाउँमा शिक्षक पाउन नसकिएको उनको भनाइ छ ।

शीतगंगा नगरपालिका-९ को पाकुरी माध्यमिक विद्यालयले पनि गणित र विज्ञान विषयका लागि तीन पटकसम्म विज्ञापन आह्वान गर्दापनि शिक्षक पाउन सकेको छैन । नगरपालिकाको विकट क्षेत्र मानिने सिद्धाराको पाकुरी माविमा गणित र विज्ञान विषयको शिक्षक पाउन नसकेपछि पढाइ प्रभावित भएको शीतगंगा नगरपालिकाका शिक्षा अधिकृत विनोद पोखेलले बताए । पढेलेखेका मानिस विदेश पलायन हुन थालेपछि विद्यालयमा दक्षजनशक्तिको अभाव बढेको उनको भनाइ छ । "पहिले विद्यालयमा शिक्षकको कुनै कमी हुदैनथ्यो । तर पछिल्लो समयमा अर्घाखाँचीका विद्यालयले एउटै पदका लागि पटक-पटक शिक्षकको विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकिएको छैन", शिक्षा विकास तथा समन्वय इकाइ अर्घाखाँचीका प्रमुख मणिराम पराजुलीले भने । विष्णुपथ चौपारी आधारभूत विद्यालय शीतगंगा नगरपालिका-७ लामातालमा पनि गणित र विज्ञान विषयको शिक्षकका लागि तीन पटकसम्म विज्ञापन आह्वान गर्दा पनि शिक्षक पाउन सकिएको छैन । पाणिनी गाउँपालिका-७ को जनसेवा माध्यमिक विद्यालयले पनि माध्यमिक तहमा विज्ञान विषयको शिक्षक आह्वानका लागि विज्ञापन भए पनि अहिलेसम्म शिक्षक पाएको छैन । पाँच पटकसम्म विज्ञापन आह्वान गर्दा पनि शिक्षक नपाएको प्रधनाध्यापक शालिकराम बेल्वासेले बताए । उनले भने, "पाँचौ पटकको विज्ञापनमा दुई जनाले दरखास्त दिनुभएको छ, तर परीक्षा नहुँदै शिक्षक पायौ भन्ने अवस्था छैन ।" यसअघि एक जनाले दरखास्त दिएको तर पछि विद्यालय टाढा भयो भनेर नआएको उनको भनाइ छ । पछिल्लो समय विद्यार्थी विज्ञान विषय लिएर उच्च माध्यमिक तह तथा बिएसी पास गरिसकेपछि अध्ययन तथा रोजगारीका लागि विदेशमा जानेर र उतै बस्ने परिपाटीले गाउँमा रहेका विद्यालयमा शिक्षक पाउन नसकिएको उनको भनाइ छ । *-रासस*

# मधेस विश्वविद्यालयमा कानून संकायको पठनपाठन हुने



मधेस विश्वविद्यालयले आगामी मंसिर ४ गतेदेखि कानून संकायको पठनपाठन सुरु गर्ने भएको छ । स्थापना भएको पहिलो एक वर्षमै पठनपाठन सुरु गर्न लागेको कानून संकायतर्फ बीए एलएलबीमा अहिले विद्यार्थीहरूको नाम दर्ता भइरहेको र आउँदो मंसिर ४ गतेदेखि पठनपाठन सञ्चालन हुने विश्वविद्यालय प्रशासनले जनाएको छ ।

"कानून संकायतर्फ बीए एलएलबीमा भर्ना हुने विद्यार्थीको छनोट प्रवेश परीक्षा (इन्ट्रान्स)माध्यमबाट गरिएको र इन्ट्रान्सबाट छनोट भएका विद्यार्थीको यही असोज १५ गतेसम्म नाम दर्ता हुन्छ", मधेस विश्वविद्यालयका रजिष्ट्रार विजयकुमार यादवले भन्नुभयो, "त्यसपछि हिन्दू धर्मावलम्बीहरूको चाडपर्व नै सुरु हुन्छ, त्यसैले छठपर्वपछि कक्षा सञ्चालन हुनेछ ।" अहिलेसम्म ७०-८० विद्यार्थीले नाम दर्ता गराइसकेको उनको भनाइ छ । विद्यार्थी छनोटका लागि ८० पूर्णाङ्कको मौखिक र २० पूर्णाङ्कको अन्तर्वार्ता परीक्षा लिइने विश्वविद्यालयले जनाएको छ । उनका अनुसार विश्वविद्यालयमा अध्ययनका लागि कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तहको परीक्षामा न्यूनतम ५० प्रतिशत वा सी प्लस अंक ल्याएको हुनुपर्ने मापदण्ड तय गरिएको छ । मधेस विश्वविद्यालयलाई कानून संकायतर्फ एक सय १०, जनप्रशासनतर्फ ५५ वटा कोटा निर्धारण गरिएको छ । पठनपाठनका लागि मधेस विश्वविद्यालयद्वारा गठित पाठ्यक्रम विकास समिति र काठमाडौं विश्वविद्यालयको विज्ञ टोलीले तयार पारेको पाठ्यक्रम पारित भइसकेको छ ।

विश्वविद्यालयको तत्काल आफ्नो संरचना निर्माण भइनसकेकाले काठमाडौं विश्वविद्यालयको समन्वयमा यी दुवै संकायको पठनपाठन सुरु गर्ने तयारी गरेको छ । त्यससँगै विश्वविद्यालयले आवश्यक पूर्वाधार निर्माणको कार्यलाई समेत अघि बढाएको छ । गत २०७९ वैशाख १४ गते मधेस प्रदेशसभाद्वारा मधेस विश्वविद्यालय ऐन, २०७९ जारी भई २०७९ साल भदौ २२ गते स्थापना भएको सो विश्वविद्यालयले एक वर्षकै अवधिमा दुई संकायको पठनपाठन सुरु गर्न लागेको छ । विश्वविद्यालयले वीरगन्जस्थित नेशनल ट्रेडिङको भवन भाडामा लिई कार्यालय सञ्चालन गर्दै आएको छ ।

पोलिटेक्निक, आइटी, व्यवस्थापन, पारामेडिकल, कृषि इन्जिनियरिङलगायतका प्राविधिक शिक्षाको माध्यमबाट मधेस प्रदेशलाई प्राविधिक शिक्षा 'हब'का रूपमा विकास गर्ने उद्देश्यका साथ अघि बढेको मधेस विश्वविद्यालयले जग्गा प्राप्तिसँगै आवश्यक भौतिक संरचनाका लागि डिपिआर तयारीमा जुटेको विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले जानकारी दिए । विश्वविद्यालयले पर्साको बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा र पोखरिया नगरपालिकामा १६ बिघा ऐलानी जग्गा प्राप्त गरेको छ भने पर्साको पकाहाँ मैनपुर गाउँपालिकास्थित सुरजाहा कट्टीमठ ( राधाकृष्ण मन्दिर)को २७ बिघा जग्गा पाएको छ ।

*-हाम्राकुरा डटकम*

# शिक्षक आन्दोलन, सहमति र अबको बाटो

**विष्णुप्रसाद खनाल**

शिक्षक गहना हो, समाजको ऐना हो, रूपान्तरणको सम्बाहक तथा सभ्य र सुसूचित समाजको निर्माणकर्ता हो तथापि राज्यकै तलबभत्ता खाने शिक्षकहरूले विद्यालय नै बन्द गरेर काठमाडौंमा तीन दिनसम्म सडक आन्दोलन गरेपछि सरकार र शिक्षक महासंघबीचमा छ बुँदे सहमति भएको छ भने त्यो सहमतिलाई राहत शिक्षकले भने असहमति जनाएका छन् । उनीहरूले १८ बुँदे माग राख्दै आन्दोलन चर्काएका थिए । विद्यालय शिक्षा विधेयक, २०८० भाद्र २७ गते संसद्मा दर्ता भएको छ भने उक्त विधेयकको दर्ता नं.८ रहेको छ । व्याख्यात्मक टिप्पणीसमेत उल्लेख गरिएको उक्त दस्तावेजमा १६३ दफा राखिएको छ त्यसमा केही संशोधन आवश्यक छ भने कतिपय व्यवस्था संशोधन गर्न देशको संविधान नै संशोधन गर्नुपर्ने व्यवस्था सिर्जना हुन सक्छ ।

शिक्षा विधेयकमा केही कमजोरी छन् त्यसलाई सञ्चाउनु जरूरी छ तर शिक्षकहरूको दलगत संगठनहरू आवश्यक छैनन् । उक्त प्रस्तावित ऐनका केही राम्रा पक्ष पनि छन् जसमा कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यामिक तह भनेर परिभाषित गरेको छ । आधारभूत तह अध्यापन गर्न स्नातक तह र माध्यामिक तह अध्यापन गर्न स्नातकोत्तर तह उत्तीर्ण गर्नुपर्ने व्यवस्था कुनै पनि दृष्टिकोणबाट गलत मानिँदैन । विशेष शिक्षा, शैक्षिक गुठी जस्ता विषय महत्वपूर्ण विषय नै हुन तर देश संघीयतामा गएपछि विद्यालयको स्थापना र सञ्चालनसम्बन्धी सबै अधिकार स्थानीय तहमा रहने प्रावधानमा राजनीतिक गन्ध आएको छ अर्थात् यस सन्दर्भमा राजनीतिक दलहरूले आफ्नो मनोमानी गर्नसक्ने संकेत देख्न सकिन्छ । निजी अर्थात् संस्थागत विद्यालयहरूको स्थापना र सञ्चालन शैक्षिक गुठीअन्तर्गत हुने व्यवस्थापनि त्यति नराम्रो होइन् । सामान्य रूपमा हेर्दा स्थानीय तहको अधिकार बलियो देखिएतापनि दीर्घकालीन रूपमा सोच्ने हो भने कर्मचारी, सेना, प्रहरी र शिक्षक केन्द्रकै मातहतमा रहँदा उपयुक्त हुन्छ तर विधेयक तथा प्रस्तावित ऐनको दफा १० मा उल्लेख गरिएको विदेशी बोर्ड तथा शिक्षण संस्थासँग आबद्ध भएका विद्यालयको सञ्चालन सम्बन्धी प्रावधानले विद्यालय शिक्षालाई एउटा नियमभित्र ल्याउन खोजेको देखिन्छ दफा १२, १३ र १४ र १६ को व्यवस्थाले नेपालको शिक्षालाई सवलताको मार्गमा लैजान सक्छ । दफा ५० को 'घ' मा भने केही सोच्नुपर्ने देखिन्छ भने दफा ६० को ५ मा भने अवस्था र परिस्थिति अनुसार सुधार गर्नु अवश्यक छ । शिक्षकले राजनीतिक दल खोल्ने, विद्यालयभित्र राजनीतिक गतिविधि गर्ने कार्यहरू वान्छनीय होइन । जसलाई दफा ७३, ७४, ७५, ७६ र ७७ ले व्यवस्थित गर्न खोजेको देखिन्छ । दफा ७४ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको सम्बन्धमा प्रतिकूल हुनेगरी लेख लेख्न वा प्रकाशन गर्न नपाइने भन्ने व्यवस्थालाई केही हदसम्म परिमार्जन गर्नुपर्ने देखिन्छ । तर, कानुनको प्रतिकूल हुनेगरी लेख रचना प्रकाशित गर्ने अधिकार राज्यको ढुकुटीबाट तलबभत्ता खाने कर्मचारीलाई छैन । दफा ७८ को विरोध गर्नु शिक्षकहरूमा राजनीतिक छाया हावी हुनु हो । शिक्षकले प्रदर्शन गर्न, बन्दहड्तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, दबाव दिन, पठनपाठन बन्द गर्न र पढने अधिकारमा वञ्चित गर्न नपाउने व्यवस्थाको विरोध गर्नु केवल राजनीतिक ढाकछोप गर्नुमात्र हो । दफा ८८ ले केवल शिक्षक र शिक्षालाई व्यवस्थित गर्न खोजेको मात्र देखिन्छ । पुराना शिक्षकलाई एकमुष्ट बिदाइ गर्नु राज्यको लगानीको बचत गर्नु पनि हो । हाल करिब १० देखि १२ हजारको संख्यामा रहेका उमेरहद काटेका अस्थायी प्रकृतिका शिक्षकलाई आन्तरिक प्रतिस्पर्धाबाट स्थायी बनाउनुपर्ने, विद्यालयमा कार्यारत करिब २७ हजार कर्मचारीहलाई हरेक विद्यालयमा दरबन्दी सिर्जना गरी कार्यरत कर्मचारीलाई प्राथमिकतामा राखेर स्थायी बनाउनुपर्ने र अवकाश लिन चाहनेलाई सुविधासहित अवकाश दिनुपर्ने प्रारम्भिक बाल शिक्षाका सहजकर्तालाई पनि प्राथमिक तृतीय सरहको दरबन्दी सिर्जना गरी स्थायीको प्रक्रियामा लानुपर्ने मागलाई सम्बोधन गर्ने हो भने राज्यको व्ययभार बढन सक्छत्यसलाई समायोजन गर्नु जरूरी छ । नयाँ शिक्षा ऐन लागू हुनुअघि स्थायी भएका सबै शिक्षकहरूलाई अस्थायी अवधिलाई समेत गणनागरी पेन्सन पाउने व्यवस्था गर्नुपर्ने, स्थायी भएको निश्चित अवधि पुगेपछि अर्थात् आवधिक रूपमा स्वत: बढुवा हुने व्यवस्था गर्नुपर्ने, निजामती कर्मचारीसरहको तलब र ग्रेड हुनुपर्ने, विद्यालयका प्रधानाध्यापकको नियुक्ति स्थानीय तहबाट हुन नहुने र निश्चित सेवाअवधि पुगेका शिक्षकबाट सेवा आयोगमार्फत परीक्षा लिएर गर्नुपर्ने, शिक्षकहरूको वृत्ति विकासका लागि शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्ने, शिक्षकको सरुवा र कार्यसम्पादन मूल्यांकन पालिकाहरूलाई दिन नहुने, दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई निजामती कर्मचारीसरह दुर्गम भत्ता दिनुपर्ने, विद्यालय व्यवस्थापन समिति गठनको जिम्मा स्थानीय तहलाई दिनु नहुने र त्यसका लागि राजनीतिक चलखेल नहुने खालको व्यवस्था ऐनमै गर्नुपर्ने जस्ता कुरा वान्छनीय देखिन्छन् ।

सामुदायिक विद्यालयका शिक्षकहरूको दरबन्दी स्थानीय तहलाई हस्तान्तरण नगरी संघअन्तर्गत राख्नुपर्ने, निजी विद्यालयका शिक्षकको तलब र भत्ता पनि सामुदायिकका शिक्षकको बराबर हुनुपर्ने र उनीहरूको सामाजिक सुरक्षा कोषको व्यवस्था हुनुपर्ने, विद्यालय शिक्षासम्बन्धी विधेयकमा भएका ट्रेड युनियन अधिकारलाई हनन् गर्ने खालका प्रावधान हटाउनुपर्ने शिक्षक र कर्मचारीलाई विभागीय कारबाही गर्ने अधिकार स्थानीय तहलाई दिनु नहुने जस्ता मागहरू नेपालको परिस्थिति र अवस्था हेर्दा त्यति असान्दर्भिक देखिँदैनन् तर राजनीतिक दलहरूले शिक्षामा हस्तक्षेप गर्नु वाञ्छनीय हुँदैन । शिक्षकहरूले निजामती कर्मचारीसरह सेवासुविधा पाउनुपर्छ भन्ने विषयमा कुनै दुई मत हुन सक्दैन तर विद्यालयलाई राजनीतिक दलको कार्यकर्ता भर्तीकेन्द्र बनाउनु हुँदैन । नियुक्ति लिएको दुई महिनामै आफ्नो घरपायक मिल्ने गरी सरुवा मिलाउने, प्रत्येक विद्यालयमा खेताला शिक्षकहरू राखेर आफू राजनीतिक दलको काममा, ठेक्कापट्टामा खटिने प्रवृत्तिले गर्दा शिक्षा क्षेत्रमा विकृति थपिएको छ । विद्यालयमा एउटा शैक्षिक सत्रको अवधिमा शिक्षकहरू परिवर्तन भइरहँदा विद्यार्थीहरूको मनोविज्ञानमा समेत प्रभाव पर्ने गर्दछ । निर्वाचन जित्नकै लागि राजनीतिक दलहरूले शिक्षलाई प्रयोग गर्ने गर्दछन् । राजनीतिक संरक्षण पाएपछि शिक्षक आफ्नो कर्तव्यबाट विमुखमात्रै होइन् नाम मात्रको शिक्षक बन्न थालेका छन् । एकातिर विद्यार्थीहरूको शैक्षिक गुणस्तर खस्किँदो छ भने अर्कोतिर विद्यालयमा सिकाइका लागि चाहिने पर्याप्त सामग्रीको उपलब्ध छैन । अर्कोतर्फ सामुदायिक विद्यालयका अधिकांश शिक्षकले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाएका छन् । स्थानीय जनप्रतिनिधिले दिउँसो शिक्षकले राजनीति गर्न हुँदैन भनेर भाषण गर्दै हिँड्ने, राति चाहिँ हाम्रो पार्टीको सदस्यता लिन्छौ कि लिँदैनौ भनेर धम्क्याउने प्रवृत्ति अहिले पनि स्थानीय तहहरूमा देखिन्छ । यसलाई सुधार गर्नु आवश्यक छ । शिक्षा क्षेत्रमा आन्दोलन तथा राजनीतिक हस्तक्षेप हुँदा बालबालिकाको मनोविज्ञानमा कस्तो प्रभाव पर्दछ भन्ने कुरामा पनि ध्यान दिनु जरुरी छ । अहिलेका करिब ८ हजार निजी विद्यालय कम्पनीअन्तर्गत नै सञ्चालन हुन पाउने भएका छन् । विधेयकले कम्पनी कानुन अनुसार नयाँ निजी विद्यालय स्थापना गर्न भने रोक लगाएको छ, जसले गर्दा निजी विद्यालय सञ्चालकहरूको सिन्डिकेट रहने सम्भावना देखिन्छ । शिक्षा नियमावली, २०५९ को परिच्छेद-२२ मा शिक्षक तथा विद्यार्थीको आचारसंहिता सम्बन्धी व्यवस्था छ । नियमावलीको नियम १३३ मा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता उल्लेख गरिएका छन । हाल मुलुकभर २७ हजार तीन सय ४३ सामुदायिक विद्यालय छन् भने स्थायी राहत गरी एक लाख ५७ हजार तीन सय ४३ शिक्षक कार्यरत छन् । सामुदायिक विद्यालयमा कक्षा १२ सम्म ५३ लाख ८२ हजार छ विद्यार्थी छन् । । सरकार र महासंघबीच २०७५ फागुन ९ गते र २०७८ फागुन ९ गते भएका सम्झौताहरूलाई विधेयकले यथोचित सम्बोधन गर्न सक्नुपर्दछ । विडम्बनाको कुरा जुन मागका साथमा शिक्षक आन्दोलित भएका थिए, ती मागमध्ये केही मागहरू पूरा भए पनि अधिंकाश माग पूरा हुन सकेनन् तर माग पूरा गर्ने बाटो भने खेलिएको छ । अर्थात् जनप्रतिनिधिमूलक सस्था संसद्बाट यो विधेयकमा केही सशोधन गरी ऐन जारी गर्नु उपयुक्त हुन्छ । सरकार र शिक्षक महासंघबीच भएको सम्झौतामा सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकहरूको मर्यादाक्रम कायम गर्ने, विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा विभिन्न संशोधन प्रस्तावहरूको साथै शिक्षकको समायोजन, तहगत प्रणाली र आवधिक बढुवाका विषयमा नेपाल शिक्षक महासंघ र विज्ञसमेतको प्रतिनिधित्व हुनेगरी अध्ययन समिति गठन गर्ने र समितिको प्रतिवेदन बमोजिम आवश्यक कानुनी प्रबन्ध गर्ने, माध्यमिक तहको विशिष्ट श्रेणीमा बढुवाका लागि प्रथम श्रेणीमा दश वर्ष सेवा गरेको हुनुपर्ने, आन्दोलन तथा द्वन्द्व प्रभावित शिक्षकको सेवाअवधि गणना गर्ने व्यवस्था गर्ने, पेशागत सुरक्षाका लागि सजाय सम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्ने र शिक्षकलाई विनाआधार सजाय हुन नसक्ने, विगतमा निम्न माध्यमिक द्वितीय तथा प्राथमिक द्वितीय श्रेणीसहितका पदमा खुला प्रतिस्पर्धाबाट नियुक्त भएका शिक्षकको बढुवाका लागि आवश्यक व्यवस्था गर्ने सहमति भएको छ ।

सम्बन्धित स्थानीय तहभित्र शिक्षकको सरुवा गर्दा शिक्षकको हकमा प्रधानाध्यापकको र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिको सहमति आवश्यक पर्ने, सार्वजनिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा अभिभावकको बाहुल्य हुनेगरी संख्या निर्धारणसम्बन्धी विषय, विद्यालय शिक्षक तथा कर्मचारीले पाउने दुर्गम भत्ता, महँगी भत्ता तथा ग्रेड वृद्धि र समायोजनलगायत सुविधासम्बन्धी विषय समावेश गर्ने, सार्वजनिक विद्यालयका शिक्षकको सञ्चित बिदा र सोवापतको रकमसम्बन्धी विषयलाई समावेश गर्नु उपयुक्त कुरा हो । शिक्षकलाई आवश्यक सुरक्षाको प्रत्याभूति प्रदान गर्ने भनिएको छ । साविक उच्च माध्यमिक विद्यालयमा राहत, विशेष शिक्षा अनुदान कोटामा भई निरन्तर सेवारत शिक्षकका सम्बन्धमा २०७३ असार १५ अघि नियुक्त भएकाको हकमा शतप्रतिशत र सोपश्चातको हकमा पचास प्रतिशत सीमित प्रतिस्पर्धाबाट पदपूर्ति हुने व्यवस्था गर्ने सहमतिले केही हदसम्म शिक्षकलाई राहत मिले तापनि यसको प्रभावकारी कार्यान्वयन सहितको संशोधन आवश्यक देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

# तानसेनमा युवा जुनियर रेडक्रस गोष्ठी



**पाल्पा,** असोज ७/जिल्लाको तानसेनमा नगरस्तरीय प्रथम युवा जुनियर रेडक्रस गोष्ठी भएको छ । नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखा, गौतम बुद्ध उपशाखा, मणिमुकुन्द उपशाखा, भीमभैरव उपशाखा तानसेनको आयोजनामा तानसेनस्थित पप नमुना माविमा एक दिने गोष्ठी भएको हो ।

रेडक्रसको सिद्धान्तबारे जानकारी दिन र मानवीय भावनाको विकास गराउनका लागि रेडक्रससँग सम्बन्धित युवाहरुका लागि गोष्ठी आयोजना गरिएको आयोजकले जनाएको छ । गोष्ठीको नेपाल रेडक्रस सोसाइटी रूपन्देही शाखाका निवर्तमान सभापति एवं राष्ट्रिय प्रशिक्षक प्रेमलाल उदासले उद्घाटन गरेका हुन् । गोष्ठीको उद्घाटन गर्दै उदासले गोष्ठीमा रेडक्रसले खेलेको भूमिका प्रसंशनीय भएकाले सबैले रेडक्रसका सिद्धान्तलाई अनुसरण गर्नुपर्नेमा जोड दिए । रेडक्रसले देखाएको बाटोबाट अगाडि बढ्ने हो भने हाम्रो भविष्य सुन्दर हुने उनको भनाइ थियो । विशिष्ट अतिथि, रेडक्रस पाल्पा शखाका सभापति बाबुराम कार्की, निवर्तमान सभापति बुद्धिप्रसाद शर्माले रेडक्रसको मर्म र सिद्धान्तलाई आत्मसाथ गर्न युवाहरुलाई आग्रह गरे । कार्यक्रममा रेडक्रस पाल्पा शाखाका उपसभापति भीमसेन कार्की, शाखाका मन्त्री केशवराज नेपाल शाखा अधिकृत विनोद भारती, पप नमुना माविका प्रअ सन्तवीर बराल, लक्ष्मी माविका शिक्षक नायक युवराज पंगेनी, मणिमुकुन्द उपशाखाकी सभापति शकुन्तला बज्राचार्य भीमभैरव उपशाखाका सभापति वीरेन्द्रकाजी शाक्य, गौतमबुद्ध उपशाखाका कावा सभापति तुमला बज्राचार्य, युरेस त्रि मावि अर्गलीकी एलिसा पाण्डे, सेन्ट कपितानियो स्कुलका शिक्षक शकुन्तला कुँवर क्षेत्री लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

रेडक्रसका सात सिद्धान्तको वाचन गरी प्रारम्भ गरिएको उक्त गोष्ठीमा परिचय, रेडक्रस अभियान,सात सिद्धान्त, उपशाखा गतिविधि, प्राथमिक उपचार सिमुलेसन, युजुरेस परिचालन, कार्ययोजना तय लगायतका विषयमा जानकारी गराइएको थियो । सोही अवसरमा रेडक्रसका सतिसाल अगुवा रेडक्रसकर्मी प्रेमलाल उदासलाई ५ दशकसम्म उनले रेडक्रस अभियानमा पुर्‍याएको योगदानको कदर गर्दै सम्मान समेत गरिएको थियो । कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रमहरु गरिएको थियो । सर्कल, शिक्षक नायक, युजुरेस गरी १ सय १२ जनाको सहभागिता रहेको थियो । श्रीनगर उपशाखा तानसेनका सभापति पुष्कर राज रेग्मीको अध्यक्षता, मणिमुकुन्द उपशाखाकी सभापति सकुन्तला बज्राचार्यको स्वागत, श्रीनगर उपशाखाका उपकोषाध्यक्ष संजित थापाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# पाल्पाका पत्रकार भण्डारी पुरस्कृत



**पाल्पा,** असोज ७/पाल्पाको रामपुर -१० स्थायी घर भएका पत्रकार जीवन भण्डारीलाई 'प्रेस काउन्सील क्रियाशिल पत्रकारिता पुरस्कार' प्रदान गरिएको छ । काउन्सीलको स्थापना दिवसको अवसरमा राष्ट्रपति कार्यलय शीतल निवासमा आयोजित पुरस्कार वितरण समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले उनलाई उक्त पुरस्कार प्रदान गरेकी हुन् ।

नेपाली रेडियो नेटवर्कका समाचार निर्देशक समेत रहेका भण्डारी झण्डै २३ बर्षदेखि पत्रकारितामा क्रियाशिल रहेका छन् । उनी यसअघि राष्ट्रिय समाचार समिति (रासस), नेपावाणी नेटवर्क, नेपाल एफएम नेटवर्क, रेडियो आँधिखोला, बुटवल एफएम, देउराली दैनिक, जनचेतना साप्ताहिक, गाउँले देउराली साप्ताहिक लगायतमा काम गरिसकेका छन् । उनी तानसेन, बुटवल हुँदै अहिले काठमाडौंमा रहेर पत्रकारिता गर्दै आएका छन् । अनलाइन टीभी पत्रकार संघको अध्यक्ष समेत रहेका भण्डारीले सम्मानपछि शित्तलपाटी डटकम/एनजेडीसँगको कुराकानीमा सम्मान आफ्नो लागि मात्र नभएर सिङ्गो नेपाली पत्रकारिता जगतको भएको बताएका छन् । उनले आर्थिक, राजनितिक र साहित्यक क्षेत्रको विकृति विसंगतीका विरुद्धमा खरो रुपमा कलम चलाउदै आएको पाइन्छ । उक्त समारोहमा विभिन्न शिर्षकमा अन्य दर्जन बढी पत्रकारलाई समेत सम्मान तथा पुरस्कृत गरिएको छ ।

# मैत्री क्लवद्वारा सरसफाई र अस्पतालका विरामीलाई फलफूल





**पाल्पा,** असोज ७/जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशील रहेको मैत्री क्लव तानसेनले सरसफाईसँगै अस्पतालका विरामीहरुलाई फलफूल वितरण गरेको छ । क्लवले ४३ औं सामाजिक दिवसका अवसरमा टोल सरसफाईसँगै पाल्पा अस्पतालका विरामीहरुलाई फलफूल वितरण गरेको हो ।

क्लवकी कविता शाक्यको संयोजकत्वमा गएको पदाधिकारीसहित सदस्यहरुले टोलीले तानसेनका विभिन्न टोलहरुमा पुगेर सरसफाई गरेको थियो । क्वलकी सुजन शाक्यको संयोजकत्वमा गएको टोलीले सोही दिन नै पाल्पा अस्पताल पुगेर विरामीहरुलाई फलफुल, विस्कुट, अण्डा, हर्लिक्स चाउचाउ, सहयोग गरेको छ । क्लवले अस्पतालको माग अनुसार पानीको जार समेत उपलब्ध गराइएको जनाएको छ । अस्तालका अध्यक्ष गुराँस आत्रेयले क्लवले अस्पताल प्रति देखाएको सहयोग र सद्भाव प्रशसंनिय रहेको भन्दै क्लवलाई धन्यवाद दिए । क्लवका अध्यक्ष मनिता शाक्यको अध्यक्षता, उपाध्यक्ष सुष्मा महर्जनको आस्था वाचन, सचिव विनु शाक्यको सञ्चालनमा सरसफाई तथा फलफूल वितरण कार्यक्रम भएको क्लवका पूर्व अध्यक्ष बिशान्तर शाक्यले जानकारी दिए ।

## खेलकुद समाचार

# पहिलो खेलमा चीनसँग हार्‍यो नेपाल



**काठमाडौं,** असोज ७/चीनमा जारी १९औँ एसियाली खेलकुद प्रतियोगितामा आइतबार नेपाली महिला ह्याण्डबल टोली आफ्नो पहिलो खेलमै पराजित भएको छ । आयोजक चीनले नेपाललाई ५७–१० स्कोरले पराजित गरेको हो ।

चीनले खेलको पहिलो हाफमा २९–५ ले अग्रता लिएको थियो । समूह 'बी' मा रहेको नेपाली टोलीले अब बुधबार जापानसँग आफ्नो दोस्रो खेल खेल्नेछ । नेपालले तेस्रो खेल शुक्रबार हङकङसँग खेल्नेछ । नेपालले समूहगत चरणको आफ्नो अन्तिम खेल शनिबार भारतसँग खेल्नेछ । आइतबार भएको समूह 'बी' कै अर्को खेलमा जापानले हङकङलाई ३८–१० ले हरायो । महिलातर्फको समूह 'ए' अन्तर्गतको खेलमा कजाकस्तानले थाइल्यान्डलाई ४४–२० ले पराजित गर्‍यो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा दोहोरो अंकको गिरावट



**पाल्पा,** असोज ७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक १९ दशमलव ४२ अंकले घटेर दुई हजार दस दशमलव ३५ अंक कायम भएको हो ।

दुई सय ८५ कम्पनीको ९० लाख तीन हजार नौ सय ४१ कित्ता शेयर ८१ हजार १० पटक खरिदबिक्री हुँदा रू दुई अर्ब ३२ करोड ६८ लाख ९५ हजार दुई सय छ बराबरको कारोबार भएको छ । लघुवित्त समूहको उपसूचक शून्य दशमलव ९९ प्रतिशतले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह एक दशमलव ९८ प्रतिशत र व्यापार समूह एक दशमलव ८१ प्रतिशतले गिरावट देखिएको छ । तीनवटा कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । स्वरोजगार लघुवित्त विकास बैंक लिमिटेड, हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड र एसियन हाइड्रोपावरको शेयर मूल्यमा दस प्रतिशतले वृद्धि देखिएको हो ।

शुभम् पावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै रू १३ करोड २४ लाख ९८ हजार नौ सय ५० बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको पाँच लाख ७१ हजार चार सय ६० कित्ता शेयर किनबेच भएको छ ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



आवश्यकता

तानसेन नगरपालिका-२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकाले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शिल्पा फर्मा/क्लिनिक
तानसेन–२, मेहलधारा, पाल्पा
(बेथल बोडिङ्ग स्कुल जाने बाटो नजिकै)
सम्पर्क नं. : ९८४५१७५६८६

नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।


## कर्मचारी आवश्यकता

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०६/०८**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, पाल्पाको च.नं. ४३, मिति २०८०/०४/१२ को विज्ञापन अनुमति पत्रानुसार यस विद्यालयको विद्यालय सहायक कर्मचारीको लागि अस्थायी करार पदमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.** : ०२/२०८०/०८१, **पद** : कार्यालय सहायक
**संख्या** : १ (एक), **नियुक्तीको किसिम** : करार
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम
**शैक्षिक योग्यता** : व्यवस्थापन विषयमा +२ उत्तीर्ण वा सो सरह ।
(कम्प्युटरमा लेखा प्रणाली राख्न सक्ने)
**निवेदन दस्तुर** : रु.५००/-
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०६/१४ गते
**सर्म्पक मिति** : २०८०/०६/१४ गते ४ बजे पछि
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
**आवश्यक कागजातहरू** : व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
**सम्पर्क नं.** : ०७५-५२०४२८, ९८५७०६०६५१

**श्री देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय**
तानसेन–२, पाल्पा


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जंनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई